# बैठक नं. ६७

आज मिति २०७६ चैत्र १० गते सोमबार दिनको ०५:३० बजे यस कीर्तिपुर नगरपालिकाका नगर प्रमुख श्री रमेश महर्जनज्युको अध्यक्षतामा, नगर कार्यपालिकाको बैठक, वडा नं. १० स्थित नगरपालिकाको सभाकक्षमा देहाय बमोजिमको उपस्थितिमा बसी निम्न बमोजिमका निर्णयहरु गरियो ।

| सि.न. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष, प्रमुख | श्री रमेश महर्जन | |
| २ | सदस्य, उपप्रमुख | श्री सरस्वती रिजाल (खड्का) | |
| ३ | सचिव | श्री ध्रुवराज आचार्य | |
| ४ | सदस्य, अध्यक्ष वडा न. १ | श्री हर्ष महर्जन | |
| ५ | सदस्य, अध्यक्ष वडा न. २ | श्री रमेशमान डंगोल | |
| ६ | सदस्य, अध्यक्ष वडा न. ३ | श्री राजेन्द्र महर्जन | |
| ७ | सदस्य, अध्यक्ष वडा न. ४ | श्री राजेन्द्र बानियाँ | |
| ८ | सदस्य, अध्यक्ष वडा न. ५ | श्री राजेन्द्र कुमार महर्जन | |
| ९ | सदस्य, अध्यक्ष वडा न. ६ | श्री न्हुच्छे बहादुर महर्जन | |
| १० | सदस्य, अध्यक्ष वडा न. ७ | श्री राजकुमार माली | |
| ११ | सदस्य, अध्यक्ष वडा न. ८ | श्री विनोद महर्जन | |
| १२ | सदस्य, अध्यक्ष वडा न. ९ | श्री गंगाराम महर्जन | |
| १३ | सदस्य, अध्यक्ष वडा न. १० | श्री अमन महर्जन | |
| १४ | सदस्य | श्री नन्ददेवी महर्जन | |
| १५ | सदस्य | श्री राजु मिजार | |
| १६ | सदस्य | श्री राजेन्द्र तोलाङ्गे | |
| १७ | सदस्य | श्री सरस्वती परियार | |
| १८ | सदस्य | श्री सानु मिजार | |
| १९ | सदस्य | श्री सुनीता नकर्मी | |
| २० | सदस्य | श्री सुमन पोखरेल | |
| २१ | सदस्य | श्री संगिता श्रेष्ठ (उप्रेती) | |
| २२ | आमन्त्रित, ब.ले.अ. | श्री सानुबाबु परियार | |
| २३ | आमन्त्रित, लेखा अधिकृत | श्री मित्र प्रसाद घिमिरे | |
| २३ | आमन्त्रित,सू.प्र.अ | श्री परशुराम चौलागाई | |
| २४ | आमन्त्रित, सचिवालय | श्री संजिता लामा | |

निर्णय नं.१

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं. स्था.त.स.शा./जानकारी/ फा.नं.३/ २०७६/०७७ च.नं.३९२ मिति २०७६/१२/०९ को कोरोना भाइरस रोग (COVID -19) सम्बन्धी पूर्व तयारी तथा प्रतिकार्य सम्बन्धि आवश्यक व्यवस्था गर्ने विषयको पत्र बमोजिम यस नगरपालिकामा १. नगर स्तरीय समन्वय समिति (नगर प्रमुखको संयोजकत्वमा) र २. वडा स्तरीय समन्वय समिति (वडा अध्यक्षको संयोजकत्वमा) गठन गरी तोकिए बमोजिमका कार्यहरु तत्काले कार्यान्वयन गर्ने तथा कोरोनाभाइरस रोग (कोभिड-१९) सम्बन्धी पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धी नगरस्तरीय समन्वय समिति तपशील बमोजिमका सदस्यहरु रहेने गरी गठन गर्ने निर्णय गरियो ।

तपशिलः

| क.स | नाम/पद | पद | कैफियत |
|---|---|---|---|
| १ | श्री रमेश महर्जन, नगर प्रमुख | संयोजक | |
| २ | श्री सरस्वती रिजाल खड्का, नगर उप-प्रमुख | सहसंयोजक | |
| ३ | श्री हर्ष महर्जन, वडा नं. १ अध्यक्ष | सदस्य | |
| ४ | श्री रमेशमान डंगोल, वडा नं. २ अध्यक्ष | सदस्य | |
| ५ | श्री राजेन्द्र महर्जन, वडा नं. ३ अध्यक्ष | सदस्य | |
| ६ | श्री राजेन्द्र बाँनिया, वडा नं. ४ अध्यक्ष | सदस्य | |
| ७ | श्री राजेन्द्र कुमार महर्जन, वडा नं. ५ अध्यक्ष | सदस्य | |
| ८ | श्री न्हुच्छे बहादुर महर्जन, वडा नं. ६ अध्यक्ष | सदस्य | |
| ९ | श्री राजकुमार माली, वडा नं. ७ अध्यक्ष | सदस्य | |
| १० | श्री विनोद महर्जन, वडा नं. ८ अध्यक्ष | सदस्य | |
| ११ | श्री गंगाराम महर्जन, वडा नं. ९ अध्यक्ष | सदस्य | |
| १२ | श्री अमन महर्जन, वडा नं. १० अध्यक्ष | सदस्य | |
| १३ | श्री सुमन पोखरेल, कार्यपालिका सदस्य | सदस्य | |
| १४ | श्री नन्ददेवी महर्जन, कार्यपालिका सदस्य | सदस्य | |
| १५ | श्री सरस्वती परियार, कार्यपालिका सदस्य | सदस्य | |
| १६ | श्री सुनिता नकर्मी, कार्यपालिका सदस्य | सदस्य | |
| १७ | श्री संगिता उप्रेती श्रेष्ठ, कार्यपालिका सदस्य | सदस्य | |
| १८ | श्री राजेन्द्र तोलाङ्गे, कार्यपालिका सदस्य | सदस्य | |
| १९ | श्री सानु मिजार, कार्यपालिका सदस्य | सदस्य | |
| २० | श्री राजु मिजार, कार्यपालिका सदस्य | सदस्य | |
| २१ | डा.पेरु प्रधान, कीर्तिपुर अस्पताल प्रमुख | सदस्य | |
| २२ | डा.पूर्णिमा शाक्य, विश्णुदेवी अस्पताल प्रमुख | सदस्य | |
| २३ | श्री कृष्णमान डंगोल, समाजसेवी | सदस्य | |
| २४ | श्री दिल बहादुर महर्जन, समाजसेवी | सदस्य | |
| २५ | श्री हरि कुमार महर्जन, समाजसेवी | सदस्य | |
| २६ | श्री बुद्धिमान महर्जन, समाजसेवी | सदस्य | |

| | | | |
|---|---|---|---|
| २७ | श्री हर्षमान महर्जन, समाजसेवी | सदस्य | |
| २८ | श्री प्रतिनिधी, नेपाल रेडक्रस कीर्तिपुर | | |
| २९ | श्री सन्तमान मानन्धर, स्वास्थ्य शाखा प्रमुख | सदस्य सचिव | |

निर्णय नं.२

करीव तीन महिना अघि छिमेकी मित्रराष्ट्र चीनको हुवेई प्रान्तको वुहान शहरबाट शुरु भएको कोरोना भाइसर (COVID-19) ले विश्वभर महामारीका रुपमा फैलिएको सन्दर्भमा नेपाल सरकारको निर्णय तथा नेपाल सरकार स्वास्थ्य मन्त्रालयले जारी गरेको सो रोग नेपाल भित्रिसकेको विज्ञप्ती समेतलाई मध्यनजर गरी यस नगर क्षेत्रलाई सो रोगको संक्रमणबाट सुरक्षित बनाउने हेतुले देहाय अनुसार गर्ने गराउने र सरोकारवाला पक्षहरुलाई कार्यान्वयनका लागि पत्राचार तथा समन्वय गर्ने निर्णय गरियोः

क. अत्यावश्यक काम बाहेक नगरवासीहरुलाई घर र नगरक्षेत्र बाहिर नजान र भित्र प्रवेश गर्नका लागि हेल्थ डेस्क र अभिलेखाङ्कन गरी त्रिभुवन विश्वविद्यालय गेटबाट मात्र यही २०७६ साल चैत्र ११ गते मंगलबार अपरान्ह १:०० बजे देखि प्रवेश र प्रस्थानको व्यवस्था गरी अन्य सबै नाकाहरु सम्बन्धित वडाहरु मार्फत स्थानीय प्रहरीको सहयोगमा बन्द गर्ने ।

ख. अत्यावश्यक बाहेक सार्वजनिक यातायात र बजार बन्द गर्ने ।

ग. नगरक्षेत्रका मुख्य मुख्य २० वटा स्थान/चोकहरुमा साबुनपानीले हात धुने प्रबन्ध गर्ने ।

घ. प्रत्यक वडामा वडास्तरिय समन्वय समितिको पहलमा विद्यालयसँग समन्वय गरी कम्तिमा १/१ वटा क्वारेन्टाइन र आइसोलेसन भवनको व्यवस्थापन गर्ने ।

ङ. नगरक्षेत्र भित्र रहेका पार्क, मनोरञ्जन स्थल, होटल, रेष्टुरेन्ट, पार्टी प्यालेस, ब्याङ्क्वेट लगायतमा मानिसहरुको भिडभाड र भेला, जम्मा हुन नदिने ।

च. यस नगरक्षेत्रमा परम्परागत रुपमा मनाउदै आएको जात्रा, पर्व, पूजाहरु भव्यरुपमा संचालन नगरी नित्य पूजा मात्र गर्ने ।

निर्णय नं.३

माथि उल्लेखित प्रवेश नाकाको हेल्थ डेस्कमा खटिने कर्माचारीहरुलाई नेपाल सरकारले तोकेको मापदण्ड बमोजिम सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.४

उल्लेखित रोग विरुद्धको सचेतना तथा नियन्त्रणको पूर्व तयारीका लागि प्रत्येक वडाले वडा स्तरिय विपद् व्यवस्थापन शिर्षकमा विनियोजित बजेटबाट व्यवस्थापन गर्ने र उक्त बजेटले नपुग हुने अवस्थामा पुष्ट्याई सहित वडा समितिको निर्णय गरी केन्द्रमा बजेट माग गर्ने निर्णय गरियो ।

निर्णय नं.५

यस नगरपालिका भित्रका स्वास्थ्य संस्थाहरु मार्फत तोकिए बमोजिमका औषधीहरु निःशुल्क रुपमा वितरण गर्नका लागि सशर्त अनुदानमा प्राप्त रकम रू.२५ लाख बराबरको औषधी आपूर्तिका लागि ठेक्का गरिएकोमा सबैभन्दा घटी रकम कवोल गर्ने (७१.१५% घटी) फर्मसँग सम्झौता गरी औषधी आपूर्ति गरिएकोमा कोरोना रोगको महामारीका समयमा समेत तत्काल औषधी आपूर्ति गर्नुपर्ने भएको र यस समयमा पुनःठेक्का

गर्न समेत समय अभाव हुने भएकाले औषधि आपूर्तिका लागि सम्झौता भएको फर्मसँगै निजले कबोल गरेको दररेटमा आवश्यक पर्ने औषधी तत्काल माग गरी वितरण गर्ने तथा चालू आ.व.को अन्त्यतिर समेत थप औषधीजन्य सामग्री आवश्यक पर्ने भएमा सोही फर्मसँग सम्झौता भएको दररेटमा बजेटको कूल सीमा ननाघ्ने गरी थप आदेश दिई वितरणको व्यवस्था मिलाउन नगरकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

## निर्णय नं. ६

यस नगरकार्यपालिका कार्यालयमा बिभिन्न मितिमा "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र माग गरी पेश हुन आएका निवेदनहरु मध्ये "घ" वर्गको व्यवसायी इजाजतपत्र सम्बन्धी समितिबाट योग्यता सम्बन्धि कागजातहरु रुजु गरी ईजाजतपत्र दिनका लागि सिफारिस भै आएको  निम्न निवेदक/फर्महरुलाई "घ" वर्गको निमार्ण व्यवसायी इजाजतपत्र प्रदान गर्ने निर्णय गरियो ।

| सि.न. | फर्मको नाम | ठेगाना, र प्रोपाईटरहरुको नाम |
|---|---|---|
| १ | जय बाघभैरव कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि | की.न.पा-२, देवढोका, रसिन महर्जन |
| २ | श्री बालाजी हाइड्रो एण्ड ईन्जिनियरिङ्ग प्रा.लि | की.न.पा-४, झुलपोखरी, बालासिहं थापा मगर |
| ३ | राजेन्द्र निर्माण सेवा | की.न.पा-२, गःसी, राजेन्द्र महर्जन |
| ४ | आइकोनिक इन्जिनियरिङ्ग एण्ड कन्ट्रक्सन प्रा.लि | की.न.पा-६, चोभार, नरेन्द्र महर्जन |